## सभाध्यक्षज्यूको सम्बोधन, प्रस्तुत आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम

नगरपालिकाका नगर उपप्रमुखज्यू,
प्रमुख प्रशासकीय अधिकृतज्यू,
नगर सभाका सभासदज्यूहरु।

सिद्धिचरण नगरपालिकाको नगर सभाको १६ औं अधिवेशनमा हार्दिक स्वागत गर्दछु।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ बमोजिम नगर सभा सञ्चालनका लागि बैठक बोलाई सोही ऐनको दफा ७१ मा भएको व्यवस्था अनुसार गत आर्थिक वर्षको राजस्व र व्ययको यथार्थ विवरण, चालू आर्थिक वर्षसम्मको अन्तिमसम्ममा हुने आम्दानी र खर्चको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्यवको अनुमानित विवरण असार १० गतेभित्रै नगर सभामा पेश गरी विभिन्न मितिमा बसेको बैठकले छलफल गरी १५ दिनभित्र छलफल सक्नुपर्ने र पेश भएको वार्षिक बजेट, नीति तथा कार्यक्रम असार मसान्त भित्र पारित गर्नुपर्ने कानूनी व्यवस्था बमोजिम आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा नगर प्रमुखको हैसियतले प्रस्तुत गर्न पाउँदा निक्कै हर्षित र गौरान्वित महसुस गरेको छु।

यस अवसरमा मुलुकको समृद्धि, राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि इतिहासको विभिन्न कालखण्डमा भएका ऐतिहासिक जनआन्दोलन, सशस्त्र संघर्ष लगायतका बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धासुमन तथा भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै कठिन परिस्थितिमा समेत मुलुकमा राजनैतिक परिवर्तनको लागि त्याग र नेतृत्व प्रदान गर्नु हुने श्रद्धेय नेताप्रति हार्दिक सम्मान, हार्दिक कृतज्ञता व्यक्त गर्दछु।

संघीय व्यवस्था बमोजिम गठित तीनै तहका सरकारको लक्ष्य तथा उद्देश्य, सन्तुलित विकास, उत्पादन अभिवृद्धि र न्यायोचित वितरण हो। सबै जातजाति, वर्ग, लिङ्ग, क्षेत्र र विभिन्न अवस्थामा रहेका समुदायका नागरिकको जीवन आर्थिक, सामाजिक र सांस्कृतिक दृष्टिकोणबाट समेत स्पष्ट लाभको अनुभूत गर्ने गरी दीगो, सकारात्मक, गुणस्तरीय र समन्यायिक गुण सहितको परिवर्तन ल्याउन आवश्यक छ। नागरिकका यस्तै सवालहरु तीनै तहका सरकारको साझा गन्तव्य बन्नुपर्छ र बनाउनु पर्दछ। यसका लागि तीनै तहका काम, कर्तव्य र अधिकारका क्षेत्रमा स्पष्टताका साथ आपसी समन्वय र सहकार्य गरी समृद्धिको लागि अगाडि बढ्न सबै पक्षसँग अपिल गर्दै निरन्तर हातेमालो गर्ने प्रतिवद्धता व्यक्त गर्दछु।

देशले लिएको राजनीतिक, आर्थिक, सामाजिक र भौतिक विकासका लक्ष्यहरुलाई पूरा गर्न नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, १६ औं पञ्चवर्षीय आवधिक योजना (२०८१/०८२-२०८५/०८६), संघीय सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, दीगो विकासका लक्ष्यहरु, कोशी प्रदेश र नगरपालिकाको आवधिक योजना, नगरपालिकाको आवश्यकता र नगरवासीका ईच्छा, चाहनालाई समेत यस नीति तथा कार्यक्रममा समावेश गर्ने प्रयास गरेको छु। आगामी आर्थिक वर्ष २०८२/०८३ मा जनताले राखेको अपेक्षालाई सम्बोधन हुने गरी आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, लैङ्गिक समानता, सामाजिक न्याय तथा सुशासन, संस्थागत क्षमता विकास, वातावरण तथा विपद् व्यवस्थापनका सम्बन्धमा

हाम्रो आवश्यकता र जनतालाई समेत मध्येनजर गरी आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम पेश गरेको छु।

संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा वित्तीय हस्तान्तरणबाट प्राप्त हुने बजेटको आकार घट्दै गएपनि बढ्दै गएका जनताका असीमित माग तथा आवश्यकता र नगरपालिकाको सीमित स्रोत साधन बीचको तादम्यता कायम गरी विकास निर्माण र प्रभावकारी सेवा प्रवाह गर्नु, क्रमागत योजनाहरु पुरा गर्नु, आन्तरिक स्रोतको दायरालाई बढाउँदै लैजानु चुनौतीपूर्ण रहेको छ। अत: राजस्व संकलनमा आम नगरवासी र सरोकारवाला पक्षहरुले साकारात्मक सहयोग र सहकार्य गर्नुहुन्छ भन्ने पूर्ण विश्वास लिएको छु।

नगरपालिका आफैंमा बहुजातीय, बहुभाषिक, बहुसाँस्कृतिक तथा भौगोलिक विविधतायुक्त भएकोले जनताको माग र आवश्यकता पनि फरक-फरक छन्। नागरिकका आवश्यकता र आकांक्षा अनुसार नगरपालिकाको आर्थिक तथा व्यवस्थापकीय क्षमता बढाउँदै नगरपालिका क्षेत्रभित्र सडक, खानेपानी, विद्युत, सिँचाई, पूल, भवन लगायतका पूर्वाधार निर्माण, कृषि, शिक्षा, स्वास्थ्य क्षेत्रको विकास, सुशासन, मानव संशाधन तथा संस्थागत क्षमता विकास, उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्नुपर्ने, संस्थागत क्षमता अभिवृद्धि, सामाजिक न्याय र समानता कायम गर्नुपर्ने जस्ता आधारभूत कार्यहरु पुरा गर्न अपरिहार्य रहेको छ। उल्लेखित जनताका न्यूनतम आवश्यकतालाई यो नीति तथा कार्यक्रम मार्फत सम्बोधन गर्ने प्रयास गरेको छु।

यसको लागि हाम्रो नीति तथा कार्यक्रमलाई मूर्त रुप दिन हामीलाई संघ तथा प्रदेश सरकार, राजनैतिक दल, कर्मचारी, संघ संस्था, सञ्चारकर्मी, सम्पूर्ण नगरवासी लगायत अन्य दातृ निकायबाट पूर्ण साथ र सहयोगमा हाम्रा कार्यक्रमहरु सञ्चालन भई अपेक्षित उपलब्धी प्राप्त गर्न हामी सफल हुनेछौं भन्ने विश्वासका साथ विषयगत रुपमा हामीले अगाडि सारेका नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**कृषि नीतिः**

१. रैथाने बालीहरुको प्रवर्द्धन गर्नुका साथै ब्राण्डिङ र बजारीकरणलाई प्राथमिकतामा राखी सो बालीहरुको प्रवर्द्धनमा आधारित भई ब्राण्डिङ तथा बजारीकरणमा जोड दिईनेछ।

२. यस नगर क्षेत्रभित्र उत्पादन हुने कोदो लगायतका स्थानीय उत्पादनको लोकल रक्सी उत्पादन, ब्राण्डिङ र बजारीकरणमा जोड दिईनेछ।

३. यस नगरपालिकाको उच्च पहाडी क्षेत्रहरुमा निकै फरक तरिकाबाट खेती गरिने बुङ आलुको उत्पादन, उचित भण्डारण तथा बजारीकरणमा जोड दिई अर्गानिक प्रमाणीकरण प्रक्रियालाई निरन्तरता दिईनेछ।

४. व्यावसायिक स्याउ खेतीलाई लक्षित गरी वडा नं. ५, ६ र ७ को उच्च भेगमा बढी घनत्वको स्याउ खेतीको सम्भाव्यता अध्ययनलाई जोड दिईनेछ।

५. कृषि सहकारी/समूह/फर्म र कृषकद्वारा उत्पादित कृषि उपजलाई संकलन गर्न संकलन केन्द्रहरु आवश्यकताको आधारमा स्थापना गर्दै लगिनेछ। उत्पादित कृषि उपजहरु सरल र सहज रुपमा स्थानीय बजार, बाह्य बजार तथा सहरी क्षेत्रसम्म पुर्याउन कृषि एम्बुलेन्सको प्रयोगलाई व्यवस्थित बनाईनेछ।

६. रासायनिक पदार्थको प्रयोगबाट मानव जीवनमा पर्न सक्ने शारीरिक र मानसिक असरलाई न्युनिकरण गर्न, प्राकृतिक स्रोत तथा साधनको सही सदुपयोग गर्दै भविष्यको लागि सुरक्षित बनाउन साथै माटोको उर्वरा शक्ति बढाउन प्राङगारिक मल र जैविक विषादीको उत्पादन तथा प्रयोगलाई प्रोत्साहित गरिनेछ।

७. तरकारी तथा फलफूल बालीको उत्पादन अभिवृद्धि गराउन पकेट विकास कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८. साना कृषकलाई प्रोत्साहन गर्न बजार क्षेत्रमा स्थानीय उत्पादलाई कृषि उपज बिक्री स्थलको व्यवस्था एवम् कर छुट दिने कार्यक्रमलाई निरन्तरता दिईनेछ। बाह्य जिल्लाबाट ल्याइने तरकारी तथा फलफूललाई निरुत्साहित गर्दै स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

९. कृषि क्षेत्रको उत्पादकत्व वृद्धिका लागि कृषि क्षेत्रमा व्यावसायिकरण, यान्त्रिकरण एवम् आधुनिकीकरणमा जोड दिईनेछ।

१०. कृषकलाई आवश्यक पर्ने खाद्यान्न बालीको उन्नत बीउमा आत्मनिर्भर बनाउन खाद्यान्न बालीको बीज वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

११. वन्यजन्तुबाट हुने क्षतिलाई न्युनिकरण गर्न आवश्यक प्रवन्ध मिलाईनुका साथै बालीनाली बीमा कार्यक्रमलाई अभियानको रुपमा लगिनेछ।

१२. आवश्यक जनशक्तिको व्यवस्था गरी कृषकलाई निशुल्क प्राविधिक सेवा एवं परामर्श सेवा दिने कार्यलाई थप मजबुद बनाईनेछ।

१३. किसानले उत्पादन गरेका कृषि उपज सङ्कलन तथा सुरक्षित भण्डारण गर्न सहकार्य तथा साझेदारीमा चिस्याँन केन्द्र निर्माण प्रक्रिया अगाडि बढाईनेछ।

१४. हावाहुरी, असिना, बाढी, पहिरो लगायत दैवी प्रकोपजन्य कारणबाट हुने जोखिम न्युनिकरण गरी कृषि व्यवसायमा संलग्न कृषक, व्यवसायी तथा उद्यमीको आत्मविश्वास वृद्धि गर्नका लागि कृषि बीमा कार्यक्रमलाई अभियानको रुपमा लगिनेछ।

१५. औषधीय तथा औद्योगिक प्रयोजनका लागि वैज्ञानिक, नियन्त्रित र कानूनी आधारमा गाँजा खेतीलाई प्रवर्द्धन गरिनेछ।

**पशुपन्छी सम्बन्धी नीतिः**

१६. पशुपन्छीको स्वास्थ्य सुरक्षाका लागि आवश्यक औषधी, खोप, प्रयोगशाला तथा उपकरणको उचित व्यवस्थापन गर्नुका साथै गुणस्तरयुक्त पशुपन्छीजन्य उत्पादनमा जोड दिई स्वस्थ पशुपालनलाई प्रवर्द्धन गरिनेछ।

१७. स्थानीय पशुपन्छीको संरक्षण तथा प्रवर्द्धन गर्न कृत्रिम गर्भाधारणको माध्यमबाट पशु नश्ल सुधार कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१८. घरपालुवा तथा सामुदायिक कुकुर, बिरालोको आक्रमणवाट हुने क्षतिलाई न्युनिकरण गर्नको लागि रेविज रोग नियन्त्रण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१९. पशुपन्छीको व्यावसायिक उत्पादनलाई प्रोत्साहन तथा प्रवर्द्धन गरिनेछ।

२०. नगरपालिका क्षेत्रभित्र मासु, दुग्ध र अण्डामा आत्मनिर्भर बनाउनमा जोड दिई उत्पादन लागत कम गराई उत्पाकत्व वृद्धि गर्न पशुपन्छी पालनमा प्रोत्साहन गरिनेछ।

**शिक्षा नीतिः**

२१. विद्यार्थी भर्ना दरलाई शतप्रतिशत पुर्याउन र सामुदायिक विद्यालयप्रति अभिभावक र विद्यार्थीको आकर्षण बढाउन नगरस्तरीय विद्यालय भर्ना अभियान तथा सहजीकरण कार्यक्रम संचालन गरिनुका साथै समावेशी शिक्षाको अवधारणा अनुसार **"सबै बालबालिकाको विद्यालयमा सहभागिताः गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"** को नीति अवलम्बन गरिनेछ।

२२. सामुदायिक विद्यालयका शिक्षक कर्मचारीको उपस्थिति दर वृद्धि गर्दै शिक्षकले शिक्षण सिकाईमा बिताउने समयावधिमा सुधार गर्ने नीति अनुरूप विद्युतीय हाजिरीको प्रयोगको कडाइका साथ अनुगमन गरिनुका साथै प्रभावकारी उपयोगमा जोड दिई चालु आर्थिक वर्ष २०८२/८३ मा समेत विस्तार गरिनेछ।

२३. विद्यालयमा सुरक्षित एवं बालमैत्री र अपांगतामैत्री भौतिक संरचना निर्माण, विपद् व्यवस्थापन संयन्त्रको विकास तथा हरित विद्यालय व्यवस्थापनमा जोड दिनुका साथै उक्त विवरणलाई EMIS पद्धतिसँग पूर्णरूपमा आवद्ध गरिनेछ।

२४. विपद्को समयमा सिकाइ निरन्तरताका लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

२५. नगर क्षेत्रभित्रका विद्यालय, शिक्षक तथा विद्यार्थीहरुले प्रयोग गर्न मिल्ने गरी लर्निङ मेनेज्मेन्ट सिस्टम सञ्चालन गर्ने र उक्त सिस्टममा विज्ञ शिक्षकहरुले तयार गरेका सामग्रीहरुलाई गेमिफिकेशनको शैली मार्फत शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्न प्रोत्साहन गरिनेछ।

२६. नगरक्षेत्रभित्रको विद्यालय तहको शैक्षिक गतिविधिमा एकरुपता कायम गर्न नगरस्तरीय शैक्षिक क्यालेण्डर निर्माण गरिनुका साथै सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यार्थी पोर्टफोलियो मूल्यांकन पुस्तिका, स्थानीय पाठ्यसामग्रीको व्यवस्था गरी शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति, अभिभावकलाई थप क्रियाशिल हुने वातावरण बनाउन प्रोत्साहित गरिनेछ।

२७. विद्यालयमा बालबालिकाको सहभागिता र विकास सम्बन्धी अधिकारको सुनिश्चतता गर्दै बालबालिकाप्रति हुने अमानवीय दण्ड हिंसा दुर्व्यवहार बालश्रम आदिलाई निरुत्साहित एवं निषेध गर्न बालमैत्री नगरपालिका घोषणा गर्नका लागि योजना तर्जुमा गरी आधार तयार गरिनेछ।

२८. विद्यालयस्तरीय एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली पूर्ण रुपमा कार्यान्वयनमा ल्याईनेछ।

२९. शिक्षक, विद्यालय व्यवस्थापन समिति र विद्यार्थीका क्लवहरु तथा अभिभावकहरुसँग छलफल, अन्तरक्रिया गरी विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न सहजीकरण गर्दै अगाडि बढाइनेछ। प्रारम्भिक बालविकास तह देखि नै मन्टेश्वरी विधिद्वारा अध्यापन गराउने वातावरण बनाउनुका साथै बालकक्षामा सन्दर्भ सामग्रीको व्यवस्था गरी प्रयोगमा ल्याईनेछ।

३०. विवाहित छात्राहरुको विद्यालय शिक्षामा निरन्तरताका लागि बुहारी छात्रावृत्ति कार्यक्रमलाई निरन्तरता दिईनेछ।

३१. विभिन्न सरुवा रोग तथा भाइरस र मानसिक स्वास्थ्यसम्बन्धी विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

३२. सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुका लागि निशुल्क स्यानिटरी प्याड वितरणलाई निरन्तरता दिईनेछ।

३३. स्थानीय पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि कक्षागत स्थानीय पाठ्यसामाग्री निर्माण गरी पठनपाठनको व्यवस्था मिलाईनुका साथै आधारभूत तहका कक्षामा स्थानीय मातृभाषाको पठनपाठन गर्न प्रोत्साहित गरिनेछ ।

३४. नगरपालिकाभित्रका सामुदायिक विद्यालयलाई प्राविधिक तथा व्यावसायिक धारको शिक्षा सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

३५. विद्यार्थी संख्या, विद्यार्थीको सिकाई उपलब्धी, शैक्षिक गुणस्तर, कार्य सम्पादन मूल्याङ्कनको आधारमा सामुदायिक विद्यालय, शिक्षक, विद्यार्थीलाई प्रोत्साहित गर्नुका साथै कार्यसम्पादनका आधारमा सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक, कर्मचारीलाई आवश्यकता अनुसार दण्ड तथा पुरस्कार दिइने नीति अवलम्बन गरिनेछ।

३६. दिवा खाजा बापतको रकमबाट लक्षित वर्गका विद्यार्थीहरुलाई स्थानीयस्तरमा उपलब्ध हुने खाद्य वस्तुमा आधारित रही दिवा खाजाको प्रवन्ध गर्ने व्यवस्था मिलाईनेछ।

३७. विभिन्न किसिमका शैक्षिक अतिरिक्त क्रियाकलाप, विद्यार्थीको परियोजना कार्य प्रदर्शनी, विज्ञान सामग्री प्रदर्शनी लगायतका कार्यक्रमहरु सञ्चालन गरिनुका साथै विद्यालयका शैक्षिक गतिविधिलाई प्रभावकारी र गुणस्तरीय बनाउन सम्बन्धित पक्षलाई विभिन्न शैक्षिक तालिमको व्यवस्था गरिनेछ।

३८. स्तरीकृत परीक्षाको माध्यमबाट विद्यार्थीहरुको मुख्य मुख्य विषय र कक्षाको सिकाई उपलब्धी परीक्षण गर्नुका साथै विद्यार्थीमा व्यवहार कुशल सीपको विकास र परीक्षणको लागि आवश्यक व्यवस्था मिलाईनेछ। विद्यार्थीको सिकाई उपलब्धीस्तरको वास्तविक र वस्तुनिष्ठ मूल्याङ्कनको लागि वार्षिक परीक्षाको उत्तरपुस्तिका शिक्षा शाखाको समन्वयमा फरक फरक विद्यालयका विषयगत शिक्षकबाट परीक्षण गराई सिकाई उपलब्धीस्तर निर्धारण गर्ने नीति अवलम्बन गरिनेछ।

३९. विद्यालय तहमा पठन संस्कृति तथा बौद्धिकताको थप विकासका लागि साहित्यिक स्रोत सामग्री उपलब्ध गराईनेछ।

४०. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि प्रध्यानाध्यापकसँग नगरपालिकाले कार्यसम्पादन करार गर्ने र सामुदायिक विद्यालयमा कार्यरत प्रध्यानाध्यापकको मनोबल उच्च राख्न नगरपालिकाको तर्फबाट प्रध्यानाध्यापक भत्ता स्वरुप उपलब्ध गराईएको थप सुविधालाई आवश्यकता र औचित्यताका आधारमा चालु आर्थिक वर्ष २०८२/८३ मा समेत निरन्तरता दिईनेछ।

४१. यस नगरपालिकाको आर्थिक स्रोत समेतलाई मध्येनजर गरी नगर क्षेत्रका सामुदायिक विद्यालयमा कार्यरत विद्यालय कर्मचारी तथा बालविकास केन्द्रका सहयोगी कार्यकर्तालाई नगरपालिकाले उपलब्ध गराउँदै

आएको थप सुविधालाई चालु आर्थिक वर्ष २०८२/८३ मा समेत आवश्यकता र औचित्यताका आधारमा समायोजन मिलान गर्ने नीति लिईनेछ।

४२. सबै प्रारम्भिक बालबिकास केन्द्रलाई विद्यालयमा आधारित बनाईनुका साथै प्रारम्भिक बालकक्षाका सहयोगी कार्यकर्ताको न्युनतम शैक्षिक योग्यता एस.एल.सी. वा एस.ई.ई. (कक्षा १०) वा सो सरहको कक्षा उत्तीर्ण कायम गरिनेछ। न्युनतम शैक्षिक योग्यता नभएका प्रारम्भिक बालकक्षाका सहयोगी कार्यकर्ताहरुले एक वर्ष भित्रमा न्युनतम शैक्षिक योग्यता हाँसिल गर्नुपर्ने व्यवस्था लागु गरिनेछ र एक सामुदायिक विद्यालयमा कम्तीमा एकजना बाल विकास सहयोगी कार्यकर्ताको अनिवार्य व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ।

४३. सबै प्रकारका शिक्षण संस्थाहरुको नियमित अनुगमन तथा नियमन गरिनुका साथै सामुदायिक विद्यालयमा वितरित बजेटको नियमन गर्ने प्रणाली स्थापना गरी प्रभावकारी रुपमा परिचालन गरिनेछ।

४४. विद्यालयमा शिक्षक विद्यार्थी अनुपात मिलाउन आवश्यक पहल गरिनुका साथै आवश्यकता अनुसार सामुदायिक विद्यालयको शिक्षक, कर्मचारी, बाल विकास सहयोगी कार्यकर्ताको दरवन्दी मिलान गरिनुका साथै न्युन विद्यार्थी संख्या भएका विद्यालयलाई समायोजन गर्ने नीति अवलम्बन गरिनेछ।

४५. नगरस्तरीय विद्यालय समायोजन तथा शिक्षक कर्मचारी दरवन्दी मिलान सुझाव कार्यदलले पेश गरेको प्रतिवेदनको अध्ययन गरी आवश्यकताको आधारमा क्रमशः कार्यान्वयन गर्दै लगिनेछ।

४६. आवश्यकताका आधारमा शिक्षक, विद्यालय कर्मचारी बाल विकास सहयोगी कार्यकर्ताको थप व्यवस्था गर्न अनुदान उपलब्ध गराईनेछ।

४७. सामुदायिक विद्यालयको शिक्षा पद्धतिलाई प्रविधियुक्त र व्यावहारिक बनाउन आईसीटी ल्याब, लाइब्रेरी, साइन्स ल्याब स्थापनामा जोड दिईनुका साथै सो को लागि नेपाल सरकार, प्रदेश सरकार र अन्य साझेदारसँग समन्वय एवं सहकार्य गरिनेछ।

४८. अपाङ्गता भएका बालबालिकाका लागि छात्रवृत्ति, स्टेशनरी सामाग्री सहयोग अनुदान लगायतको व्यवस्था गर्नुका साथै उपयुक्त किसिमको विद्यालय सञ्चालन गर्न पहल गरिनेछ।

४९. नगर शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।

५०. सामुदायिक सिकाई केन्द्रलाई थप प्रभावकारी रुपमा सञ्चालनको व्यवस्था मिलाईनेछ।

५१. विद्यालय तहमा हुने सामाजिक सञ्जालको दुरुपयोग रोक्न तथा सिकाईमा सामाजिक सञ्जालको अधिकतम उपयोगका लागि आवश्यक कार्यक्रम तय गरी लागु गरिनेछ।

५२. सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारका लागि नमूना कक्षा सञ्चालन तथा अनुगमन र पृष्ठपोषणको आधारमा सुधार गर्ने नीति अवलम्बन गरिनेछ।

५३. नगरको सामुदायिक शिक्षाको गुणस्तर अभिवृद्धि गर्न आवश्यकताका आधारमा शिक्षक/विद्यालय कर्मचारीलाई नगर क्षेत्रको एक सामुदायिक विद्यालयबाट अर्को सामुदायिक विद्यालयमा पठनपाठन तथा विद्यालय सम्बन्धी कामको लागि खटनपटन गर्ने नीति अवलम्बन गरिनेछ।

५४. विद्यालयको अनुगमन, निरीक्षण, सुपरीवेक्षण तथा प्राविधिक सहयोग गर्न हाल शिक्षा शाखामा कार्यरत कर्मचारीहरु पर्याप्त नभएकोले आवश्यक स्रोत शिक्षक वा स्रोत व्यक्तिको व्यवस्था गरी अनुगमन, निरीक्षण, सुपरीवेक्षण तथा प्राविधिक सहयोग गर्ने कार्यलाई प्रभावकारी बनाई शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने नीति अवलम्बन गरिनेछ।

५५. विद्यालयमा भौतिक पूर्वाधारको निर्माणका लागि विकासका साझेदार निकायसँग सहलगानी गरिनेछ। साथै निर्माण कार्यलाई समयमै पूर्वाधार निर्माण कार्य सम्पन्न गर्न र गुणस्तरीय बनाउन आवश्यक व्यवस्था मिलाईनेछ।

५६. अनाथ असहाय तथा अभिभावक विहिन बालबालिकाको शिक्षा दिक्षा तथा पालनपोषणको लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

५७. वडा शिक्षा समितिलाई क्रियाशिल बनाउँदै वडा शिक्षा समितिको सिफारिसलाई समेत आधार बनाई नगर शिक्षा समितिले निर्णय निर्णय गर्ने परिपाटीको विकास गरिनेछ।

**युवा तथा खेलकुद नीतिः**

५८. युवामा नैतिकता र चारित्रिक गुण तथा अनुशासनको विकास गरी परिवार, समाज र राज्यप्रतिको दायित्व बोध गराउने एवं श्रमको सम्मान गर्ने संस्कारको विकासका लागि आवश्यक क्रियाकलापहरु सञ्चालन गरिनेछ।

५९. नगरस्तरीय खेलकुद कार्यक्रम सञ्चलान गरिनेछ, विभिन्न स्थानमा खेलकुदलाई प्रोत्साहित गर्न विभिन्न गतिविधिहरु सञ्चालन गरिनेछ।

६०. नगरस्तरीय खेलकुद विकास समितिद्धारा विभिन्न खेलको आयोजना गरिनेछ।

६१. खेलकुद विकासका लागि विद्यालय तहदेखि नै राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता लगायत योजनावद्ध कार्यक्रम सञ्चालनको माध्यमबाट विभिन्न विद्याका नगरस्तरीय खेलाडीहरुको टोली बनाउन पहल गरिनेछ।

६२. **"एक वडा एक खेलमैदान"** को व्यवस्था गर्न आवश्यक पहल गरिनेछ। वडास्तरीय खेलकुद विकास समिति गठन गरी सो समितिद्धारा वडास्तरमा हुने विभिन्न खेलकुद क्रियाकलापहरु सञ्चालन गरिनेछ।

६३. खेलकुदको विकास र प्रवर्द्धनका लागि नगरस्तरीय मेयर कप सञ्चालन गरिनेछ।

**स्वास्थ्य नीतिः**

६४. नगरपालिकाको स्रोत, साधन, जनशक्ति अनुरुप स्वास्थ्य सेवालाई दीगो, भरपर्दो र विश्वसनीय बनाईनेछ।

६५. नेपाल सरकारले निःशुल्क वितरण गर्न तोकिएको औषधी तथा औषधीजन्य (सर्जिकल) सामानको व्यवस्थापन गरी स्वास्थ्य संस्थाबाट उपलब्ध हुने सेवालाई थप प्रभावकारी बनाईनेछ।

६६. संक्रामक तथा महामारीजन्य रोग, खानेपानी र खाद्य गुणस्तर निगरानी कार्यक्रम सञ्चालन गरिनेछ।

६७. एम्वुलेन्स सेवा सञ्चालनका लागि आवश्यक प्रवन्ध मिलाईनेछ।

६८. वर्थिङ सेन्टरबाट उपलब्ध हुने सेवालाई २४ सैं घण्टा उपलब्ध हुने गरी थप व्यवस्थित गर्दै लगिनेछ।

६९. ज्येष्ठ नागरिक, अशक्त, अपाङ्गता भएका नागरिकलाई स्वास्थ्य सेवा उपलब्ध गराउन घुम्ती स्वास्थ्य सेवाको विस्तार गरिनेछ।

७०. विशेषज्ञ स्वास्थ्य शिविरको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवालाई निरन्तरता दिईनेछ।

७१. किटजन्य रोग नियन्त्रण कार्यक्रम, क्षयरोग खोजपर्ताल कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७२. स्वास्थ्य संस्थाको नियमित अनुगमन, वार्षिक तथा अर्धवार्षिक समिक्षा गरी निरन्तर सुधारलाई ध्यान दिईनेछ।

७३. सामुदायिक महिला स्वास्थ्य स्वयंमसेविकाको कार्य जिम्मेवारी र भुमिकालाई उच्च सम्मान गर्दै प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

७४. स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार निर्माण, जनशक्ति तथा औषधी व्यवस्थापन लगायतका कार्यमा ध्यान दिईनेछ।

७५. समुदायमा आधारित बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम र विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७६. नियमित खोप सुदृढीकरण, पूर्ण खोप सुनिश्चितता र दिगोपना तथा सरसफाई कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७७. गुणस्तरीय स्वास्थ्य सेवाका लागि स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य केन्द्रमा न्यूनतम सेवा मापदण्ड तयार गरी लागु गरिनेछ।

७८. यौन तथा प्रजनन स्वास्थ्य, किशोर किशोरीमैत्री स्वास्थ्य कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७९. आमा सुरक्षा, गर्भवती उत्प्रेरणा सेवा, न्यानो झोला, निशुल्क गर्भपतन र नवजात शिशुको निशुल्क उपचार कार्यक्रमलाई निरन्तरता दिईनेछ।

८०. खोप सेवा, गाउँघर क्लिनिक सेवा र शहरी स्वास्थ्य केन्द्रको सेवालाई गुणस्तरीय बनाउँदै लगिनेछ।

८१. आयुर्वेद स्वास्थ्य सेवा र सामुदायिक मानसिक स्वास्थ्य सेवालाई निरन्तरता दिईनेछ।

८२. नगरपालिकाको हरेक वडामा गर्भवती महिलाहरुका लागि ग्रामीण भिडियो एक्सरे सेवालाई क्रमशः विस्तार गर्दै लगिनेछ।

८३. नगरपालिका क्षेत्र भित्रका सबै गर्भवती महिलाले स्वास्थ्य संस्थामा मात्रै सुत्केरी हुने व्यवस्था मिलाई **"जिरो होम डेलिभरी"** को नीति अवलम्बन गरिनेछ।

८४. नागरिकको मानसिक, शारीरिक र सामाजिक स्वास्थ्य सुदृढ गर्न योग ध्यान गर्ने कार्यलाई प्रोत्साहित गर्ने गरिनेछ।

**संस्थागत सुशासन, मानव संशाधन विकास तथा संस्थागत क्षमता विकास नीतिः**

८५. जिम्मेवारी निर्दिष्ट गरी सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सबै कर्मचारीको कार्यसम्पादन सम्झौता गरी सम्झौता अनुसार जिम्मेवारी निर्वाह गर्ने र दण्ड पुरस्कारको नीति अवलम्बन गरिनेछ।

८६. सेवा प्रवाहलाई थप चुस्तदुरुस्त, पारदर्शी, सरल, सहज बनाउन विद्युतीय प्रणालीमा सहज पहुँच विस्तार गरी सूचना प्रविधियुक्त बनाईनेछ।

८७. सुशासन, पारदर्शिता र जवाफदेहिताको प्रत्याभूति दिनका लागि सञ्चालन गरिने सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, आवधिक समीक्षा, वार्षिक समीक्षा तथा अनुगमन कार्यक्रमलाई थप प्रभावकारी बनाईनेछ।

८८. आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजुलाई यथा समयमा फछ्र्यौट गर्ने र प्राप्त सुझाव तथा प्रतिक्रियालाई कार्यान्वयनमा ल्याईनेछ।

८९. विषय क्षेत्रसँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्दा वडासँग आवश्यक समन्वय गरी कार्यान्वयनको व्यवस्था मिलाईनेछ।

९०. यस नगर क्षेत्रभित्र सञ्चालन हुने विकास निर्माण तथा सेवा प्रवाहका कार्यक्रमलाई थप प्रभावकारी बनाउन तथा दोहोरोपना हुन नदिन अन्तर तह, अन्तर निकाय समन्वयलाई जोड दिईनेछ।

९१. जनप्रतिनिधि र कर्मचारीलाई आधारभूत तथा क्षमता अभिवृद्धि सम्बन्धी आवश्यकताका आधारमा क्षमता वृद्धि गरिनेछ।

९२. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाबाट नगर क्षेत्रभित्र सञ्चालन हुने कार्यक्रमहरु नगरपालिकाको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी नगरपालिकाको समन्वय र सहकार्यमा सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

९३. नगरपालिकाको क्षेत्रभित्र सबै निकायबाट सञ्चालित विकास निर्माणका योजनाहरु नगरपालिकासँगको समन्वयवाट मात्र सञ्चालन गर्न पहल गरिनेछ।

९४. आन्तरिक नियन्त्रण प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइदैं लगिनेछ।

९५. जिन्सी निरीक्षणले औल्याएका लिलामी गर्नुपर्ने पुराना जिन्सी सामानहरुको लिलामी गरिनेछ।

९६. विकास निर्माण तथा सेवा प्रवाहलाई प्रभावकारी रुपले सञ्चालन गर्नका लागि सार्वजनिक-निजी-साझेदारीको नीति अवलम्बन गरिनेछ।

**वित्तीय व्यवस्थापन तथा वित्तीय जोखिम न्यूनीकरण नीतिः**

९७. आय-व्ययको लेखा र खरिद प्रणालीलाई थप व्यवस्थित,प्रभावकारी र पारदर्शी बनाईनेछ।

९८. विकास आयोजनाहरुको ठेक्कापट्टा समयमै गर्ने तथा रु १० लाख भन्दा माथिका आयोजना तथा कार्यक्रमको अनिवार्य रुपमा विद्युतीय बोलपत्र (E-Biding) बाट मात्र गर्ने व्यवस्था मिलाईनेछ।

९९. एक पटक स्वीकृत भैसकेको बार्षिक कार्यक्रमलाई अतिआवश्यक परेमा बाहेक सोही आर्थिक वर्षमा संशोधन गर्ने परिपाटीलाई निरुत्साहित गरिनेछ।

१००. विगतको बेरुजुलाई फछ्र्यौटको दायरामा ल्याई फछ्र्यौट गर्न र बेरुजु नियन्त्रण गरी शून्य बेरुजुको नीति कार्यान्वयन गर्न आन्तरिक लेखा परीक्षण तथा आर्थिक कारोवारसँग सम्बन्धित पदाधिकारी तथा कर्मचारीलाई जिम्मेवार बनाउनुका साथै न्यून पेश्की एवं शून्य बेरुजु नीति अवलम्बन गरिनेछ।

१०१. सार्वजनिक खर्चलाई पारदर्शी, जवाफदेही, विश्वसनीय र पूर्वानुमान योग्य बनाईनेछ।

१०२. वित्तीय अनुशासन कायम गर्न मितव्ययिता र गुणस्तरलाई उच्च प्राथमिकता दिईनेछ।

१०३. चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्दैं पूँजीगत खर्चमा वृद्धि गर्ने उपाय अवलम्बन गरिनेछ।

**कानून, न्याय तथा मानव अधिकार प्रवर्द्वन नीतिः**

१०४. न्यायिक समितिमा आएका उजुरीहरु छिटो, छरितो तथा सरल तरिकाबाट सम्पादन गर्न जोड दिईनेछ।

१०५. न्यायिक समितिका पदाधिकारीको क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ।

१०६. समुदायस्तर तथा सामुदायिक विद्यालयस्तरमा कानून तथा मानव अधिकार सम्बन्धी सचेतनामुलक कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१०७. नगरपालिका क्षेत्रभित्रका मेलमिलाप केन्द्रहरुलाई थप व्यवस्थित बनाउँदै लगिनेछ।

१०८. आवश्यकता अनुसार ऐन, नियम, कार्यविधि, मापदण्डहरुको तर्जुमा संशोधन तथा परिमार्जन गरिनेछ।

**सञ्चार तथा सूचना प्रविधि नीतिः**

१०९. विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक पुस्तकालय लगायत सामुदायिक संस्थाहरुमा सूचना तथा सञ्चार प्रविधि सेवा विस्तार गर्दै लगिनेछ।

११०. सबै वडामा इन्टरनेट सेवा जडान तथा क्षमता विस्तार गर्दै लगिनेछ।

१११. स्थानीय पत्रपत्रिका तथा एफ.एम. रेडियो सञ्चालनलाई प्रोत्साहन गर्ने नीति लिईनेछ।

११२. नागरिकको सूचनाको पहुँचका लागि सम्बन्धित सूचना नगरपालिकाको वेवसाईट, फेसबुक तथा पत्रकार भेटघाट कार्यक्रम र सूचना अधिकारीको माध्यमबाट हरेक ३/३ महिनामा स्वतःप्रकाशन गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

११३. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट सुशासन प्रवर्द्धन गरिनेछ।

११४. डिजिटल नगर प्रोफाइल, मोवाइल एप्स तथा अनलाइन गुनासो व्यवस्थापन प्रणालीलाई थप सुदृढीकरण गर्दै लगिनेछ।

११५. बजार क्षेत्रको अति व्यस्त स्थल, संवेदनशील क्षेत्र र प्रमुख सडकका क्षेत्रहरुमा घट्न सक्ने अपराधिक घटनाहरुलाई न्यूनीकरण तथा नियन्त्रणका लागि सि. सि. टि. भी. जडान गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ।

**राजस्व परिचालन नीतिः**

११६. करको दर तथा दायरालाई पुनरावलोकन तथा परिमार्जन गरी विस्तार गर्दै आन्तरिक आयमा वृद्धि गर्ने नीति लिईनेछ।

११७. नगरपालिकाले संकलन गर्दै आइरहेको कर तथा दस्तुरको सम्बन्धमा करदातालाई लक्षित गरी करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।

११८. नगर क्षेत्रभित्र सञ्चालित उद्योग कलकारखाना व्यापार व्यवसाय, बैंक तथा वित्तीय संस्था लगायतका व्यापार तथा व्यवसायको दर्ता, नवीकरणलाई अनिवार्य गर्नुका साथै दर्ता नवीकरण गर्न प्रोत्साहन गरिनेछ।

११९. नगरपालिका क्षेत्रभित्र व्यवसाय सञ्चालन गर्ने व्यवसायी तथा उद्यमीलाई व्यवसाय दर्ता तथा नवीकरणको लागि सम्बन्धित निकाय तथा संघ संस्थाको समन्वयमा नियमन गरिनेछ।

**पूर्वाधार विकास नीतिः**

१२०. संघ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने योजनामा दोहोरोपना हुन नदिन आवश्यक समन्वय गरिनेछ।

१२१. नगर गौरवका आयोजनाहरु कार्यान्वयन गर्न संघीय र प्रदेश सरकार समक्ष अनुरोध गरिनेछ।

१२२. पूर्वाधार विकास निर्माणको काममा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउँदा समुदायमा योजनाको अपनत्व बढाउन तथा प्रभावकारी कार्यान्वयनको लागि लागत अनुमानको कम्तीमा १५ प्रतिशत जनसहभागिता समावेश गराउने कार्यलाई निरन्तरता दिईनेछ।

१२३. कार्यालय भवन नभएका वडा कार्यालयहरुको भवन निर्माण गर्न आवश्यक प्रकृया अगाडि बढाईनेछ।

१२४. नगर क्षेत्रभित्र निर्माण हुने सार्वजनिक भवनका संरचनाहरु अपाङ्गमैत्री, बालमैत्री, वातावरणमैत्री (पहुँचयुक्त) बनाउँदै लगिनेछ।

१२५. पूर्वाधार लगायतका विकास निर्माणका आयोजना तथा कार्यक्रम तोकिएको लागत, परिमाण र गुणस्तरमा सम्पन्न गराउन आवश्यक प्रवन्ध मिलाईनेछ।

**सडक तथा पूल नीतिः**

१२६. नगरपालिकाको सडक यातायात गुरुयोजना स्वीकृत गरी कार्यान्वयनमा ल्याईनेछ।

१२७. नयाँ सडकको ट्र्याक खोल्ने कामलाई निरुत्साहित गर्ने र हालसम्म कार्य सम्पन्न नभएका सडकहरुलाई क्रमागत रुपमा सम्पन्न गर्ने तथा पुराना सडकको स्तरोन्नती गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१२८. नगरपालिकामा निर्माण भईसकेका सडकहरुको विवरण अद्यावधिक गरी मर्मत सम्भार गर्ने कार्यलाई निरन्तरता दिईनेछ।

१२९. नगरपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयको केन्द्र र नगरका मुख्य व्यापारिक केन्द्रसम्म जोड्ने सडकलाई बाह्रै महिना संचालनमा आउने गरी स्तरोन्नती गर्न सम्बन्धित निकायमा पहल गरिनेछ।

१३०. नगरक्षेत्र भित्र निर्माण भई सञ्चालनमा आएका पूलको संरक्षणको लागि आवश्यक पहल गरिनेछ।

१३१. झोलुङ्गे पुल निर्माण कार्यलाई निरन्तरता दिईनेछ।

१३२. नगरक्षेत्र भित्र आवश्यक पर्ने पक्की पूल निर्माणका लागि प्राथमिकताका अधारमा संघीय र प्रदेश सरकारसँग माग गरिनेछ।

१३३. नगरपालिकाद्वारा निर्माण गरिएको सडकले ओगटेको जग्गाको लगत कट्टा गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

**सिंचाई नीतिः**

१३४. नगर क्षेत्रभित्र रहेका खेतियोग्य भुमिमा बाह्रै महिना सिंचाई सुविधा पुर्याउन आवश्यक पहल गरिनेछ।

१३५. आकाशे पानी संकलन, भण्डारण तथा प्रभावकारी उपयोगका विधि विस्तार गर्दै सिमान्त कृषि भूमि एवं पानीको न्युन स्रोत भएका क्षेत्रमा थोपा सिंचाई प्रविधि प्रयोगमा ल्याउन प्रोत्साहित गरिनेछ।

१३६. सिंचाईका बहुउद्देश्यीय आयोजनाहरुलाई प्राथमिकता दिईनेछ।

१३७. निर्माण सम्पन्न भईसकेका सिँचाई आयोजनाहरुको मर्मत सुधार एवम् दीगो व्यवस्थापनका लागि उपभोक्ताको सहभागिता सुनिश्चित गर्दै लगिनेछ।

१३८. सुख्खा तथा खडेरीको प्रकोप बढी हुने स्थानमा आकाशे पानी संकलन, आहाल र प्लाष्टिक पोखरी कार्यक्रम सञ्चालन गरी जैविक विविधताको संरक्षण गरिनेछ।

१३९. संघ तथा प्रदेश सरकार, नगरपालिका, स्वीस सरकार र लाभग्राही समुदायको साझेदारीमा नगरक्षेत्रमा सञ्चालन भइरहेको साना सिँचाई कार्यक्रमलाई निरन्तरता दिईनेछ।

**खानेपानी तथा सरसफाई नीतिः**

१४०. सार्वजनिक स्वास्थ्य र जीवनस्तर उकास्न सबै नगरवासीलाई सुरक्षित, पर्याप्त, पहुँचयोग्य र दीगो खानेपानी सेवा सुनिश्चित गर्ने नीति लिईनेछ।

१४१. स्वस्थ जीवन र स्वच्छ वातावरणको लागि सबै नगरवासीलाई आधारभूत सरसफाई सेवा, जनचेतना र व्यवहार परिवर्तन मार्फत समावेशी दीगो सरसफाई सुनिश्चितत गरिनेछ।

**भवन तथा शहरी विकास नीतिः**

१४२. भवन अभिलेखीकरण गर्न बाँकी भवनलाई निश्चित समयावधि दिई अभिलेख गर्ने कार्यलाई व्यवस्थित बनाईनेछ।

१४३. नगर क्षेत्रभित्र हुने बस्ती विकास कार्यक्रमलाई थप व्यवस्थित गर्न सरोकारवालासँगको समन्वय र सहकार्यमा आयोजना सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाईनेछ।

१४४. नगर क्षेत्र भित्र निर्माण गरिने भवनलाई भवन मापदण्ड अनुरुप निर्माण गर्ने गरी मात्र अनुमति दिने व्यवस्था मिलाईनेछ।

१४५. नगरपालिकालाई फुसको छानोमुक्त बनाउने अभियानलाई निरन्तरता दिईनेछ।

**विद्युत नीतिः**

१४६. नगरक्षेत्र भित्रका महत्वपूर्ण बजार र सडकहरुमा विद्युत तथा सौर्य बत्ती जडान गर्ने कार्यलाई थप व्यवस्थित बनाईनेछ।

१४७. विद्युत पोलको उचित व्यवस्थापन गर्न सम्बन्धित निकायसँग पहल गरिनेछ।

१४८. विद्युत सेवा नपुगेका स्थानहरुमा उच्च प्राथमिकताका साथ केन्द्रीय विद्युत प्रसारण लाईन विस्तार गर्न पहल गरी सबै वडाका बस्तीहरुमा विद्युत विस्तार गरिनेछ ।

१४९. सेवाग्राही/आम नागरिकले विद्युत महसुल तिर्ने कार्यलाई सम्बन्धित कार्यालयसँगको समन्वयमा सरल बनाउँदै लगिनेछ।

**वन तथा भू-संरक्षण नीति :**

१५०. वनक्षेत्रभित्र सडक निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन गरी निर्माण कार्य गरिनेछ।

१५१. सार्वजनिक स्थल, पार्क तथा वनस्पति उद्यान निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापन गर्न पहल गरिनेछ।

१५२. वातावरणसँग सम्बन्धित बिषयमा विद्यालयस्तरमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ।

१५३. डढेलोबाट क्षतिग्रस्त वनलाई पुनः हरियाली र हराभरा बनाउन तथा बाँदरबाट कृषकहरुको उत्पादनमा हुने क्षति न्यूनीकरणका लागि सरोकारवालासँगको समन्वय र साझेदारीमा खाली र नाङ्गा जग्गामा उत्पादनमुलक वृक्षारोपण अभियान संचालन गरिनेछ।

१५४. वडास्तरमा रहेका प्राकृतिक पोखरीको संरक्षण र संवर्द्धन कार्यलाई निरन्तरता दिईनेछ।

१५५. रुद्राक्ष चिराइतो, ठूलो ओखती, पाखनवेद, पाँचऔले लगायतका महत्वपूर्ण तथा उच्च मूल्यांकनयुक्त वनस्पति र जडिबुटीको व्यावसायिक उत्पादन, प्रशोधन, प्रमाणीकरण र बजारीकरण गर्न प्रोत्साहित गरिनेछ।

**भू तथा जलाधार संरक्षण नीति :**

१५६. सरोकारवालासँगको समन्वय र साझेदारीमा जलाधार संरक्षण र संवर्द्धन सम्बन्धी क्रियाकलापहरु सञ्चालन गरी प्राकृतिक स्रोतको दुरुपयोग हुने तथा प्रभावित हुने कार्यक्रमलाई निरुत्साहित गर्दै लगिनेछ।

१५७. सरोकारवालासँग तथा हाल यस क्षेत्रमा कार्यरत विभिन्न निकायको समन्वय र सहकार्यमा भू-क्षय नियन्त्रण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१५८. भू तथा जलाधार संरक्षणका लागि संघ, प्रदेश र सम्वन्धित निकायसँग आवश्यक पहल गरिनेछ।

**विपद् व्यवस्थापन नीतिः**

१५९. नगर तथा वडास्तरीय विपद् व्यवस्थापन समितिलाई थप क्रियाशिल बनाईनेछ।

१६०. नगर क्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण गर्दा वातावरणीय र प्राकृतिक स्रोतहरुमा पर्न सक्ने प्रभाव न्यूनीकरण गर्ने नीतिलाई कार्यान्वयनमा ल्याइनेछ।

१६१. नगरपालिकामा आपतकालिन कार्य सञ्चालन केन्द्रलाई थप प्रभावकारी बनाईनेछ।

१६२. नगर विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।

१६३. जलवायु परिवर्तन अनुकूलन तथा विपद् व्यवस्थापन सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१६४. विपद् न्यूनीकरण र जोखिममा रहेकाहरुको उद्धारको लागि नगरपालिकामा उपलब्ध जनशक्ति, सामाग्री र विपद् व्यवस्थापन कोषको परिचालनको माध्यमबाट तत्काल उद्धार गर्ने व्यवस्था गरिनेछ।

१६५. विपद् व्यवस्थापनका लागि आवश्यक सामग्रीको उचित प्रवन्ध मिलाईनेछ।

१६६. विपद् व्यवस्थापनमा कार्यरत जनशक्तिलाई लगत संकलन गरी विपद पूर्व तयारी र प्रतिकार्यका लागि पुनर्ताजगी तालिम दिइनेछ।

१६७. विपद्को क्षेत्रमा कृयाशिल संघ संस्थासँगको समन्वयमा विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाईनेछ।

**जलवायु परिवर्तन नीतिः**

१६८. नगरस्थित सबै वडाहरुमा जलवायु परिवर्तन सम्बन्धी सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१६९. सरोकारवालासँगको समन्वय र सहकार्यमा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक पहल गरिनेछ ।

**फोहरमैला व्यवस्थापन नीतिः**

१७०. नवीनतम् प्राविधिको प्रयोग मार्फत फोहरमैलाको उचित व्यवस्थापन गरिनेछ।

१७१. निजी क्षेत्र, टोल विकास संस्था, गुठी, उद्योग वाणिज्य संघसँग समन्वय गरी नगर क्षेत्रभित्रको फोहरमैलाको उचित व्यवस्थापनको लागि आवश्यक प्रवन्ध मिलाइनेछ।

१७२. **"फोहर उत्पादकले कर तिर्नु पर्दछ"** भन्ने सिद्धान्त बमोजिम संयन्त्र तयार गरी सचेतना अभियान सञ्चालन गरिनेछ।

१७३. स्रोतमै फोहर वर्गीकरण गरी व्यवस्थापन गर्ने र **"आफ्नो ठाउँ आफै सफा गरौं"** अभियानलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ।

१७४. नगरक्षेत्रमा प्लाष्टिक तथा सिसाजन्य वस्तुहरुको संकलनको व्यवस्थापन गरी जथाभावी प्लास्टिक तथा सिसाजन्य वस्तुहरु फाल्ने प्रवृत्तिलाई रोक लगाईनेछ। साथै बियरको बोतल तथा प्लाष्टिकजन्य झोलाको प्रयोगलाई निरुत्साहित गरिनेछ।

**श्रम तथा रोजगारी सम्बन्धी नीतिः**

१७५. स्थानीय सरकारले सञ्चालन गर्ने योजना तथा कार्यक्रममा प्रत्यक्ष रोजगारी र गरिबी निवारणमा सहयोग पुर्याउने कार्यक्रमलाई प्राथमिकता दिईनेछ।

१७६. सरोकारवालासँगको साझेदारीमा नगरपालिका क्षेत्रभित्र सम्भावित रोजगारीका क्षेत्रहरु पहिचान गरी रोजगारी सिर्जना गर्न पहल गरिनेछ।

१७७. दक्ष श्रमिक, कामको सम्मान, उपयुक्त पारिश्रमिक र सामाजिक संरक्षण सहितको श्रम व्यवस्थापनको नीतिलाई कार्यान्वयनमा ल्याइनेछ।

१७८. स्थानीय श्रोत साधनको अधिकतम उपयोग, दक्ष जनशक्ति निर्माण, तालिम र क्षमता विकास तथा उद्यमशील वातावरण निर्माण गरी रोजगारीको सिर्जना गर्न पहल गरिनेछ ।

१७९. बेरोजगार युवाहरुलाई लक्षित गरी घरेलु तथा साना र मझौला एवम् उत्पादनमूलक उद्योग स्थापना गरी सञ्चालन गर्न प्रोत्साहित गरिनेछ।

१८०. वैदेशिक रोजगारीबाट फर्किएकालाई रोजगारी प्रवर्द्धन कार्यक्रमसँग आवद्ध गराई अल्पकालिन रोजगारीको व्यवस्था मिलाईनेछ।

१८१. स्थानीय स्रोत र माग अनुसार सीपमूलक तथा जिवनउपयोगी तालिमहरु सञ्चालन गरिनेछ।

१८२. वैदेशिक रोजगारीलाई सुरक्षित मर्यादित तथा उपलब्धिमुलक बनाउनको लागि टोल टोलमा सचेतनामूलक अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ।

१८३. नगरपालिकाबाट श्रम स्वीकृति दिने व्यवस्था मिलाईनेछ।

**सामाजिक सुरक्षा नीतिः**

१८४. विद्युतीय भूक्तानी प्रणाली मार्फत भक्तानी हुँदै आएको सामाजिक सुरक्षा भत्तालाई बैंकहरुसँगको समन्वयमा थप सरलता बनाई वितरण गरिनेछ।

१८५. सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत लक्षित समूहका व्यक्तिहरुको मूल अभिलेख व्यवस्थापन सूचना प्रणालीमा कानून बमोजिम प्रविष्ट गरी सोही प्रणाली मार्फत नै नयाँ नाम दर्ता, नवीकरण र लगत कट्टा गरिनेछ।

१८६. आर्थिक वर्ष २०८१/०८२ देखि लाभग्राहीको पहिचान तथा नवीकरणमा सहजता र पारदर्शी तथा सामाजिक सुरक्षा भत्ता वितरणको कार्यलाई थप प्रभावकारी बनाउन राष्ट्रिय परिचय नम्वरको माध्यमबाट वायोमेट्रिक भेरिफिकेशन लागु गरिनेछ।

**महिला, बालबालिका, ज्येष्ठ नागरिक तथा समाज कल्याण सम्बन्धी नीतिः**

१८७. लैङ्गिक हिंसा न्युनिकरण अभियानमा वडामा परिचालित मनोसामाजिक कार्यकर्ताहरुको सेवालाई मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र, नेपाल र संयुक्त राष्ट्रसंघीय जनसङ्ख्या कोषको साझेदारीमा निरन्तरता दिईनेछ।

१८८. आपतकालिन अवस्थाका लागि अल्पकालिन सुरक्षित आवास गृह (सेफ हाउस) सञ्चालनलाई निरन्तरता दिईनेछ।

१८९. जिल्लास्तरीय एकद्वार संकट व्यवस्थापन केन्द्र सञ्चालनलाई निरन्तरता दिइनेछ।

१९०. ज्येष्ठ नागरिक दिवा सेवा तथा मिलन केन्द्रको सञ्चालनलाई निरन्तरता दिई ज्येष्ठ नागरिकहरुको निशुल्क स्वास्थ्य परिक्षण, मनोरञ्जन तथा अनुभव आदन प्रदानका थप कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ।

१९१. लैङ्गिक समानता सामाजिक समावेशीकरणका लागि सरोकारवालाहरुको सहकार्यमा वाल विवाह, मानव बेचबिखन तथा ओसार पसार, लैङ्गिक हिंसा, यौन हिंसा रोकथान तथा न्युनिकरण सम्बन्धी विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।

१९२. अपाङ्गता भएका व्यक्तिहरुको लागि अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१९३. आर्थिक रुपान्तरणमा टेवा पुर्याउन महिलाहरुको क्षमता विकास तथा सीप विकास तालिमको व्यवस्था गर्नुका साथै व्यवसाय सञ्चालनका लागि प्रोत्साहित गरी र उद्यमशिलता विकासमा जोड दिईनेछ।

१९४. लैङ्गिक उत्तरदायी बजेटको व्यवस्था र लैङ्गिक परिक्षण गरिनेछ।

१९५. दलित आयआर्जन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१९६. अपाङ्गता भएका व्यक्तिहरुका लागि उद्यमशीलता र स्वरोजगारीको अवसर सिर्जना गरिनेछ।

१९७. महिला, दलित, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग लगायतलाई लक्षित गरि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

**सहकारी सम्बन्धी नीतिः**

१९८. सहकारी मार्फत हुने वित्तीय कारोबारलाई सुरक्षित भरपर्दो बनाउन सबै सहकारीको नियमित अनुगमन र सो को आधारमा  नियमन हुने प्रभावकारी व्यवस्था मिलाईनेछ।

१९९. सहकारी क्षेत्रको विकास विस्तार र प्रबर्द्धनको लागि दीर्घकालीन रणनीतिक योजनाको तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**उद्यम विकास सम्बन्धी नीतिः**

२००. सिद्धिचरण नगरपालिकाको १२ वटै वडामा व्यवसाय सम्बन्धी सम्भाव्यता अध्ययन गरी सोही अनुरुपको व्यवसाय गर्नमा जोड दिईनेछ।

२०१. नतिजामा आधारित लघु उद्यम विकास मेड मोडेल अनुसार लक्षित समूहलाई एकीकृत सेवाहरु प्रदान गरी लघु उद्यमी बन्न प्रोत्साहन गर्नुका साथै स्वरोजगार तथा रोजगारीको निश्चित गरिनेछ ।

२०२. अपाङ्गता भएको व्यक्ति तथा विपन्न वर्गका नागरिकलाई विशेष प्राथमिकता दिई उद्यमशिल र आत्मनिर्भर बनाउनमा जोड दिईनेछ।

२०३. लघु उद्यम गर्न चाहने लाभग्राहीलाई विभिन्न लघु वित्त सहकारी संस्था तथा बैंकसँग समन्वय गरी पुँजी जुटाउन सहयोग गरिनेछ।

२०४. बजारको आवश्यकतालाई अध्ययन गरी उद्यमीले उत्पादन गरेको वस्तु बिक्री गर्नलाई सहजीकरण गरिनेछ।

२०५. सीप विकास तालिम पश्चात उद्यमलाई निरन्तरता दिइरहेका उद्यमीलाई स्तरोन्नती तर्फको सीप विकास तालिम सहित प्रविधि हस्तान्तरण गरिनेछ।

२०६. काष्ठजन्य लगायत साना तथा घरेलु उद्योग दर्ता तथा सञ्चालन गर्ने कार्यलाई सहजीकरण गरिनेछ।

**पर्यटन नीतिः**

२०७. नगरपालिका क्षेत्रको भौगोलिक विविधतालाई पृथक र नवीन पर्यटकीय थलोको रुपमा विकास गरी पर्यटकलाई नगरपालिका भ्रमणको लागि आकर्षित गरिनेछ।

२०८. पर्यटकीय पूर्वाधार विकासमा निजी क्षेत्रको लगानी आकर्षित गरिनेछ साथै रुम्जाटार, ठाडे, थामडाँडा लगायतका स्थानहरुलाई फिल्म छायाँकन स्थलको रुपमा विकास गरिदैं लगिनेछ।

२०९. ऐतिहासिक स्थल ओखलढुङ्गा, युगकवि सिद्धिचरण श्रेष्ठको प्रतिमास्थल, स्रष्टापार्क, बलबहादुर राई स्मृति पार्क, नगरपार्क, भ्यू टावर, ककनी मन्दिर, कान्तादेवी मन्दिर, नागी डाँडा, व्वाँसे डाँडा, वर्नालुको गणेशकुण्ड, सपनावती, रुम्जाटार गुम्बा, ओखलढुङ्गा-रुम्जाटार ऐतिहासिक संग्रहालय, नलिडाँडा, झाँक्रीढुङ्गा, विगुटक्सार, जन्तरखानी, सहिद स्मृतिपार्क, थामडाँडा, चम्पादेवी, तलुवागढी (जानुकागढी), सहितका धार्मिक, साँस्कृतिक, ऐतिहासिक, पुरातात्विक क्षेत्रलाई नगरको पर्यटकीय स्थलको रुपमा विकास गरिदै लगिनेछ।

२१०. साँस्कृतिक, धार्मिक, साहसिक, कृषि, स्वास्थ्य तथा खेल पर्यटनको विकास गरी पर्यटकहरुलाई आकर्षित गर्न विभिन्न निकायसँगको समन्वयमा कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२११. ऐतिहासिक, पुरातात्विक, धार्मिक, साँस्कृतिक सम्पदाको संरक्षण सम्वर्द्धनमा जोड दिने नीति लिइनेछ।

२१२. वृत्तचित्र मार्फत नगरपालिकाको ऐतिहासिक, पुरातात्त्विक, धार्मिक, साँस्कृतिक लगायतका विशेषताहरुको प्रचार प्रसार गरी पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ।

२१३. हुलाक डाँडादेखि श्रष्टापार्क जोड्ने पर्यटकीय झोलुङ्गे पुल निर्माणको कार्यलाई गुणस्तरीय बनाउन र समयमै सम्पन्न गर्न आवश्यक पहल गरिनेछ।

**संस्कृति प्रवर्द्धन नीतिः**

२१४. कला र साहित्यको सिर्जना तथा प्रवर्द्धन गर्न विभिन्न कृयाकलापहरु सञ्चालन गर्ने व्यवस्था गरिनेछ,

२१५. सबै समुदायको धार्मिक र साँस्कृतिक मूल्य र मान्यताको सम्मान गर्ने वातावरण सिर्जना गरिनेछ,

२१६. नगरका सबै जातजाती/समुदायहरुको आ-आफ्नो मौलिक भाषा, संस्कृति तथा परम्पराहरुको जगेर्ना एवं साँस्कृतिक पहिचानको संरक्षणका लागि आवश्यक पहल गरिनेछ ।

२१७. गैरकानूनी रुपमा हुने जातीय, धार्मिक, सामाजिक विभेद तथा छुवाछुतलाई जरैबाट उन्मुलन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ।

अन्त्यमा,

यो नीति तथा कार्यक्रम यस सिद्धिचरण नगरपालिकाको विकासको मार्गचित्र एवं नगरवासीको माग र आवश्यकताको प्रतिफल हो। यसलाई तयार गर्दा मैलै राजनीतिक दल, कार्यपालिका सदस्य, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवी, शिक्षक, समाजसेवी, विभिन्न सरकारी कार्यालय, सञ्चारकर्मी, गैर सरकारी संघ संस्था, अन्य विकास साझेदार संघ संस्था लगायत सबै क्षेत्रको सुझावलाई समेट्ने प्रयास गरेको छु । नीति तथा कार्यक्रमको तर्जुमामा अमूल्य सुझाव दिनु हुने एवं सहयोग गर्नुहुने सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दछु।

आगामी आ.व. २०८२/८३ मा नीति तथा कार्यक्रमको सफल कार्यान्वयन गर्नका लागि सम्पूर्ण नगर सभा सदस्य, सबै राजनीतिक दल, राष्ट्रसेवक कर्मचारीहरु, बुद्धिजीवी, समाजसेवी उद्योग व्यवसायी, सञ्चारकर्मी, गैरसरकारी संस्था, नीजि क्षेत्र र सम्पूर्ण सिद्धिचरण नगरवासी जनताको साथ र सहयोग हुने अपेक्षा लिएको छु।

धन्यवाद।

१० असार, २०८२

तेजन खनाल
नगर प्रमुख